# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले जिल्ला कृषि विकास कार्यालय,कालिकोटबाट संचालित स्याउ खेती कार्यक्रम अन्तर्गत सिड्स किट्स वितरण समेतमा अनियमितता भएको भनी दिएको प्रतिवेदनका आधारमा अनुसन्धान हुँदा, जिल्ला कृषि विकास कार्यालयमा कार्यरत तत्कालिन कार्यालय प्रमुख योगप्रसाद खरेल, बाली संरक्षक अधिकृत प्रकाश पाण्डे, ना.प्रा.स दिनेश खत्री र सह-लेखापाल टोपेन्द्रध्वज हमालले आपसी मिलेमतोमा विनियोजित वजेट बमोजिमको कार्य सम्पन्न नगरी, नभएको/नगरेको कामलाई भए गरेको हो भनि झुठ्ठा बिल भरपाई र श्रेस्ताहरु तयार गरि भुक्तानीका लागि बिल भरपाई र श्रेस्ता पेश गरी गराई रकमहरु भुक्तानी लिने दिने काम गरी आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संम्लग्न तपसिलमा उल्लेखित निम्न ४ जना ब्यक्तिहरु उपर कसूरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

साथै निजहरुले अनुसन्धानकै क्रममा राष्ट्रिय वाणिज्य वैंक कालिकोटमा रहेको कृषि विकास कार्यालय, कालिकोटको खातामा रु ७,७७,०००।–(सात लाख सतहत्तर हजार) दाखिला गरेको देखिएकोले बाकि रु. १,००,०००।–(एक लाख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम निजहरुबाट दामासाहीले असूल उपर गरी पाउन समेत मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

| सि.नं | पद | नाम थर | कार्यालय | विगो | ऐन |
|---|---|---|---|---|---|
| १. | तत्कालिन कार्यालय प्रमुख | योगप्रसाद खरेल | जिल्ला कृषि विकास कार्यालय, कालिकोट | रु.८,७७,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| २. | तत्कालिन वालि संरक्षक अधिकृत | प्रकाश पाण्डे | " | रु.१,२७,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ३. | तत्कालिन ना.प्रा.स | दिनेश खत्री | " | रु.२,५०,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ४. | तत्कालिन सह-लेखापाल | टोपेन्द्रध्वज हमाल | " | रु.८,७७,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता